नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५६५२५३
ई-मेल: info@deoc.gov.np
वेबसाईट: www.deoc.gov.np

पत्र संख्या:
चलानी नं.: ६३६

मितिः२०८२/०९/२१

विषयः कोपोमिस प्रणालीमा अनिवार्य आवद्ध भई विवरण प्रविष्टि गर्ने सम्वन्धमा।

सहकारी ऐन, २०७४ को दफा ७३ उपदफा १ (क) ले सहकारीले संस्थाले प्रत्येक वर्ष कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन रजिष्ट्रार समक्ष पेश गर्नु पर्ने तथा सहकारी नियमावली,२०७५ को नियम २८ (४) ले सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ। यस सम्वन्धमा समेत मिति २०८२/९/१८ मा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका माननीय मन्त्री प्रा.डा. श्री कुमार इङ्नामज्यूको अध्यक्षतामा वसेको विषयगत समितिको वैठकबाट मन्त्रालय र मातहतका निकायबाट प्रवाह हुने सेवा प्रवाहमा तत्काल सुधार सम्वन्धी कार्ययोजना बमोजिम गर्नु पर्ने सुधारका सम्वन्धमा तयार भएको कार्ययोजनामा समेत सबै प्रकारका सहकारी संस्थाहरुले सहकारी ऐन र नियमावली बमोजिम कोपोमिस प्रणालीमा पूर्ण रुपमा विवरण अद्यावधिक गर्ने/गराउने निर्णय भएकोले सबै प्रकृतिका सहकारी संस्थाहरुको समष्टिगत विवरण कोपोमिस प्रणालीमा पूर्ण रुपमा अद्यावधिक गर्नु हुन सूचित गरिन्छ।

(सुशील ढकाल)
रजिष्ट्रार